# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (४) संख्या (२) बाराहा, उदयपुर १ नं प्रदेश नेपाल
भाद्र १२, २०७७ साल

## भाग-२

## लिम्चुङबुङ गाउँपालिकाको टोल विकास सहकार्य संस्था सञ्चालन कार्यविधि, २०७७
## पहिलो शंसोधन मिति २०७९/८/१९ सहित

लिम्चुङबुङ गाउँ सभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ सालको कार्यविधि नं ०५**

# लिम्चुडबुड गाउँपालिकाको टोल बिकास सहकार्य संस्था सञ्चालन कार्यबिधि, २०७७

प्रथम शंसोधनः २०७९/८/१९

**प्रस्ताबना :**

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक बिकास,स्थानीयस्तरमा सुशासन प्रबर्द्धन गर्न गाउँ पालिकाकों बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय श्रोत,साधान र जनशक्तिको उपयोग गरी जीबनस्तर उकास्ने साथै आफ्नो ठाउँकों समस्याहरुकों सामाधान आफूबाटै समाधानगर्ने र आफूबाट समाधान गर्न नसकेमा सम्बन्धित निकायसम्म आफ्ना समस्या पुर्याई समाधान गर्न सक्ने सक्षम नागरिक बनाउने अभिप्रायले टोल बिकास सहकार्य संस्था गठन गर्न आवाश्यक देखिएकोले स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिएका टोल बिकास समिति र सो समितिको कामलाई ब्याबस्थित गर्न साथै लिम्चुडबुड गाउँ पालिकाबाट सञ्चालन गरेका बिकास निर्माणका काम तथा सेवा प्रबाहमा थप सहयोग पुगोस् र सेवाग्राहीले सहज सेवा प्राप्त गरी सुशासनको अनुभुति गरुन् भन्ने उद्दश्यले लिम्चुडबुड गाउँकार्यपालिकाले यो कार्यबिधि बनाई स्वीकृत गरी लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यबिधिको नाम लिम्बुडबुड गाउँपालिका टोल बिकास संस्था संज्चालन कार्यविधि,२०७५ रहेको छ ।

(२) यो कार्यबिधि लिम्चुडबुड गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२.परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

(क) “टोल बिकास संस्था” भन्नाले कुनै निश्चित टोल सामुदायको सबै घरधुरीहरुलाई समेटेर गठन गरिएको समितिलाई सम्भनुपर्छ ।

(ख) “गाउँपालिका” भन्नाले लिम्चुडबुड गाउँपालिकालाई सम्भनुपर्छ ।

(ग) “बडा कार्यालय” भनन्नाले लिम्चुडबुड गाउँपालिकाको सम्बन्धित वडा कार्यालयलाई सम्झनुपर्छ ।

(घ) “कार्यविधि” भन्नाले टोल बिकास सहकार्य संस्था सञ्चालन कार्यविधिलाई सम्झनुपर्छ ।

(ङ) “कार्य समिति” भन्नाले यस संस्थाकों कार्य समितिलाई सम्झनुपर्छ ।

(च) “अध्यक्ष ” भन्नाले समितिको अध्यक्षलाई सम्झनुपर्छ ।

(छ) “उपाध्यक्ष "भन्नाले समितिको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ज) “सचिब” भन्नाले संस्थाको सचिबलाई सम्झनुपर्छ ।

(झ) “कोषाध्यक्ष” भन्नाले संस्थाकों कोषाध्यक्षलाई सम्झनुपर्छ ।

(ज) “सदस्य” भन्नाले टोल विकास सहकार्य संस्थाकों सदस्यलाई सम्भनुपर्छ र सो शब्दले क्षेत्रभित्र बसोबास गर्ने घरमुली वा घरको प्रतिनिधित्व गरी टोलबिकास संस्थामा आबबद्ध हुने सम्पूर्ण घरधुरीलाई समेत सम्झनुपर्छ ।

(ट) “पदाधिकारी” भन्नाले संस्थाको कार्यसमितिका सबै सदस्यहरुलाई सम्झनुपर्छ ।

(ठ) “सभा” प्रत्येक बर्षमा हुने साधारण सभालाई सम्भनुपर्छ र यसले समय समयमा हुने बिशेष साधारण सभालाई समेत सम्झनुपर्छ ।

(ड) “उप समिति” भन्नाले कार्यविधि बमोजिम गठन भएका बिभिन्न उपसमितिहरुलाई सम्झनुपर्छ ।

**३. टोल बिकास संस्था गठन गरिने स्थान :**

(क) गाउँपालिका कक्षेत्रभित्रकों बिभिन्न टोलहरुमा सबै घरपरिवार समेटिने गरी टोल बिकास सहकार्य संस्था गठन गरिनेछ ।

(ख) गाउँपालिकाले आवश्यक ठानेमा कुनै पनि वडाको कुनै पनि क्षेत्रमा बिशेष टोल बिकास सहकार्य संस्था गठन गर्न सकनेछ ।

**४. टोल बिकास संस्थाको कार्यक्षेत्र र सिमाना :**

(क) कुनै पनि टोल बिकास सहकार्य संस्थाको कार्यक्षेत्र र सिमाना गाउँपालिकाले तोकेको सिमना अनुसार हुनेछ।

(ख) टोल बिकास सहकार्य संस्थाको क्षेत्रफल ठुलों वा धेरै घर संख्या भएमा भोगौलिक, धार्मिक, साँस्कृतिक आदिलाई आधार मानी एउटा वा एकभन्दा बढी टोल बिकास सहकार्य संस्था गठन गर्न सकिने छ ।

**५. टोल बिकास संस्थाको कार्य** : टोल बिकास सहकार्य संस्थाको कार्यक्षेत्र निम्न अनुसार रहनेछ ।

**(क) भौतिक पूर्बाधार बिकास कार्य**

१. सडक तथा ढल प्रणालीलाई ब्यबस्थित गर्ने ।
२. सडक तथा गल्ली बाटोहरुको सुधार कार्यहरु गर्ने ।
३. चर्पी फोहोरमैला ब्यबस्थापन प्रणाली सुधार कार्य गर्ने ।
४. खानेपानी तथा सरसफाई प्रणालीको बिस्तार र स्तर उन्नतिको कार्य गर्ने ।
५. सामुदायिक भवन लगायतका आधारभूत भौतिक पुर्बाधार बिकास कार्य गर्ने।
६. टोलको भौतिक पुर्बाधारका बिकास निर्माण कार्यमा सकृयताका साथ एक जुट हुने ।
७. गाउँपालिकाकों भौतिक पूर्बाधार सम्बन्धी नीति, कार्यक्रम र योजनाहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

**(ख) सामाजिक कार्य :**

१. स्वास्थ्य तथा बाताबरणीय सरसफाई आदि सम्बन्धित बिषयमा जनचेतना अभिवृद्धि गर्ने ।
२. टोलमा रहेको बिपन्नहरुकों पहिचान गरी उनीहरुलाई स्वरोजगार र आयमूलक तालिम प्रदान गर्ने ।
३. टोलको बिपन्न तथा बन्चितमा परेका टोलबासीहरुको क्षमता अभिवृद्धि गर्ने ।
४. लैङ्गिक समानता र सामाजिक समाबेशीकरणमा जोड दिने ।
५. टोलमा रहेका बिकृतिहरूकों पहिचान गर्ने र सोको उन्मूलनका कार्यक्रमहरु सञ्चालन गर्ने ।
६. टोल स्तरमा शिक्षा, स्वास्थ्य र पर्यटनका कार्यक्रमहरु सञ्चालन गर्ने ।
७. गाउँपालिकाको सामाजिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरुलाई कार्यन्वयन गर्न सहयोग गर्ने ।

**(ग) अन्य बिबिध कार्य**

१. टोल तथा बस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रबाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने ।
२. टोलबासीहरुमा उद्यमशीलताकों बिकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना,बिकास र प्रबर्द्धन गर्ने ।
३. टोलमा समानता, सदभाव,समाझदारी, समन्वय र मेलमिलापको माध्यमबाट शान्ति कायम गराउने ।
४. आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अबसर, अधिकार प्रदान गर्ने ।
५. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने ।
६. टोलमा बिभिन्न निकायहरुबाट सजचालन हुने बिकास कार्यमा सहयोग गर्ने ।
७. टोलको लागि पालिकास्तरीय तथा वडास्तरीय योजना छनौट प्रकृयामा टोलबासीहरुलाई सहभागी गराउने ।

* (क) योजना/कार्यक्रमका कार्य बोझ हेरी प्याकेजमा समेत योजना/कार्यक्रमहरु संचालन गर्ने भनि थप्ने

८. टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा बर्गीकरण गरी तिनीहरुकों अभिलेख तयार गर्ने ।

**६. गठन बिधि** : वडाकों रोहबरमा टोल बिकास समितिको गठन देहाय बमोजिम हुनेछ :

१. गाउँपालिका क्षेत्र भित्रका बस्तीहरुकों निश्चित भोगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल बिकास सहकार्य संस्थाकों गठन गरिनेछ ।

२. पहिलो पटकका लागि टोल बिकास सहकार्य संस्थाको व्यापक भेलाबाट टोल बिकास सहकार्य संस्थाकों कामलाई ब्यबस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिब र आवाश्यक्ता अनुसारका सदस्यहरू रहेको एक टोल बिकास सहकार्य संस्था गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्यसंस्था साधारण सभाकों सर्बसम्मत वा सो नभएमा बहुमतबाट पुर्नगठन हुनेछ ।

३. टोल बिकास कार्य संस्थाको अबधि २ बर्षको हुनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिब भएको ब्याक्ति पुनः सोही पदमा लगाते दुई बर्षको अबधि पूरा नभई नियुक्ति हुने छैन ।

४. टोल बिकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक सदस्यको रुपमा समेटनुपर्दछ । सो सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल बिकास समितिगठन गरिनेछ ।

५. महिला, दलित,अपाङ्ग,अल्पसंख्यक, बिपन्न, एकल महिला आदिको सहभागिता हुनेगरी लैंगिक समानता र सामाजिक समाबेशीकरणमा जोड दिईने हरेक क्षेत्रवाट प्रतिनिधित्व हुने गरी कार्यसमिति गठन गर्नु पर्नेछ ।

६. कार्यसमितिमा अध्यक्ष, सचिब र कोषाध्यक्ष मध्ये एक जना अनिबार्य महिला हुनु पर्नेछ साथै कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य समाबेश भएको हुनुपर्नेछ ।

**७. टोल बिकास संस्थाको कार्यसमितिको पदाधिकारीहरुको संख्याः**

| | |
|---|---|
| (१) अध्यक्ष | १ |
| (२) उपाध्यक्ष | १ |
| (३) कोषाध्यक्ष | १ |
| (४) सचिब | १ |

(५) सदस्यहरु आवाश्यकता अनुसार ७ देखि ११ जना सम्म

**८. दर्ता/सूचिकृतः** टोल बिकास संस्थाको दर्ता /सूचिकृत देहाय बमोजिम हनेछ ।

१. टोल बिकास सहकार्य संस्थाकों बैठकमा सर्बसम्मत निर्णय गराई लिम्चुडबुड गाउँपालिकामा दर्ता वा सूचिकृतका लागि निवेदन पेश गर्नु पर्नेछ । निबेदन साथ उक्त टोल बिकास संस्थामा आबद्ध सदस्यहरुको नामवली समेत पेश गर्नु पर्नेछ । गाउँपालिकामा पेश गर्ने निबेदेनको ढाँचा अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

२. माथि नं १ अनुसार निबेदन प्राप्त भएपछि गाउँपालिकाले टोल बिकास संस्था दर्ता गरी प्रमाण पत्र प्रदान गर्न पर्नेछ । त्यसरी प्रदान गरिने प्रमाण पत्रको नमुना अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

३. टोल बिकास संस्थाले यस कार्यबिधि बमोजिमका उद्देश्य बिपरित कुनै काम गरेमा वा प्रचलित कानून बिपरीतका काम गर्न खोजेमा कानून बमोजिम गाउँपालिकाले खारेज गर्न सकने छ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल बिकास समितिगठन हुनेछ ।

पहिलो शंसोधन *

**९. टोल बिकास सहकार्य संस्थाको कामः** टोल बिकास सहकार्य संस्थाले आफ्नो टोल क्षेत्रको समग्र बिकास र सदस्यहरुकों हितका लागि देहायका कार्यहरु गर्नेछ ।

१. टोलमा जुनसुकै प्रकारका भेदभावको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतता समान अधिकार प्रदान गर्ने,
२. सरकारी एबम् गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलकों बिकासको लागि सहजीकरण गर्ने,
३. टोलमा उद्यम बिकाससँग सम्बन्धित योजनाहरु सञ्चालन गर्न आवाश्यक सहजीकरण गर्ने,
४. टोलका बिकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम सदुपयोग गर्ने,
५. टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल बिकास योजना तर्जुमा गर्ने,

* (क) छिटो छरितो र समयमै कार्य सम्पन्न गर्न दुई वा दुईभन्दा बढी योजना/कार्यक्रमहरु गर्न प्याकेज बनाई योजना सम्पन्न गर्न टोल विकास संस्थालाई बाधा नपर्ने

६. समाजमा रहेका बिद्यमान पराम्परागत सामाजिक संस्कार र कुरीतिहरको पहिचान गरी त्यस्ता असामाजिक क्रियाकलापको नियमन र नियन्त्रण गर्ने र त्यसका बिरुद्ध जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने,
७. टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने,
८. सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने,
९. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,
१०. टोलमा बिभिन्न सरकारी तथा गैरसरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल बिकास संस्था मार्फत सञ्चालन हुने बातबरण सृजना गर्ने,
११. आफ्नो वडा तथा टोललाई बाल मैत्री तथा बाताबरणमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,
१२. टोलमा भबन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका बिषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
१३. टोलमा रहेको सार्बजानिक, पर्ति ऐलानी आदि जग्गाको संरक्षणमा वडा कार्यालयलाई सहयोग गर्ने,
१४. गाउँपालिकाको राजस्व परिचालनकों लागि सहयोग प्रदान गर्ने,
१५. संस्थामा प्राप्त रकमको संस्थाकों नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,
१६. वडा कार्यालयसँग भएको समाभदारी अनुसारका अन्य कार्यहरु ।

**१०. टोल बिकास संस्थाको कार्य समितिको बैठकः** टोल बिकास सहकार्य संस्थाको कार्य समितिको बैठक ब्यवस्थापन देहाय बमोजिम हुनेछः

१. टोल बिकास समितिकों कार्य समितिको बैठक महिनमा कम्तिमा १ पटक बस्नेछ ।
२. समितिको बैठकमा गाउँपालिका र वडाका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।
३. सचिबले समितिकों बैठककों निर्णहरु बैठक पुरसतकामा लेखी प्रमाणित गर्नु पर्नेछ ।
४. बैठकबाट कुनै पनि निर्णय गर्दा सकेसम्म सर्ब सम्मत गर्नु पर्नेछ ।

---

पहिलो शंसोधन *

**११. टोल बिकास सहकार्य संस्थाको कार्य समितिका पदाधिकारीहरुको काम,कर्तब्य र अधिकारः** टोल बिकास सहकार्य संस्थाको कार्य समितिका पदाधिकारीहरुको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

**क) अध्यक्षको काम,कर्तब्य र अधिकारः**

१. संस्थाकों नियमित बैठक बोलाउने, बैठकका लागि मिति,समय र स्थान तोक्ने
२. बैठककों अध्यक्षता गरी बैठक सजञ्चालन गर्ने
३. बैठकमा अनुशासनकों पालना गर्न लगाउने र छलफल बिषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
४. छलफल हुँदा सबैको बिचार संकलन गर्ने र सर्बसम्मत निर्णय गर्न पहल गर्ने ।
५. विकासको कार्यमा सवैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
६. संस्थाले आर्जन प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने ।
७. विशेष वैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।
८. कार्यविधि बमोजिम अन्य कार्यहर गर्ने ।

**ख) कार्य समितिको सचिवको काम, कर्तव्य र अधिकारः**

१. अध्यक्षको आदेश अनुसार वैठक बोलाउने ।
२. एकतिहाई सदस्यहरुले विशेष वैठकको लागि लिखित माग गरेमा विधान बमोजिम वैठक बोलाउने ।
३. छलफलका प्रस्तावहरु संकलन गरी वैठकमा पेश गर्ने र वैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।
४. संस्थाकों क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।
५. तोकिएका अन्य कार्य गर्ने।

**ग) कार्य समितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. संस्थाको आम्दानी र खर्चकों विवरण राख्ने ।
२. खर्चकों लेखापरिक्षण गराउने ।
३. वैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।
४. संस्थाकों नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

**घ) संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१. गाउँपालिका वा वडा कार्यालयसँग भएको साझेदारीपत्रमा उल्लेखित सर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।
२. संस्थाको हिसाव किताव जाँच गर्ने ।
३. संस्थाकों पदाधिकारीहरुले गरेको कामको मूल्याडकन नियमित रुपमा गर्ने ।
४. आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति, नियम र योजनाहरु बनाई लागू गर्ने ।
५. आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषध्यक्षहरुलाई सहयोग गर्ने ।
६. तोकिएको अन्य कार्यहरु गर्ने ।

**१२. आर्थिक व्यवस्थापन** : संस्थाको आर्थिक व्यवस्थापन देहाय बमोजिम हनेछ ।

**क) टोल विकास सहकार्य संस्थाको आम्दानी :**

१. टोल विकास सहकार्य संस्थाकों सदस्यहरुबाट प्राप्त सदस्य शुल्क
२. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, तथा व्यक्तिहरुबाट प्राप्त हुने सहयता र अनुदान ।
३. टोल विकास सहकार्य संस्थाले आयमुलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

४. संस्थाकों विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास सहकार्य संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याउने रकम ।
५. संस्थाले अन्य श्रोतबाट जम्मा गरेको रकम ।

**ख) टोल विकास संस्थाको अर्थः**

१. संस्थाकों विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हनेछ ।
२. संस्थाकों खर्चहरु टोल विकास सहकार्य संस्थाको निर्णयानुसार खर्च हुनेछ ।

**ग) टोल विकास संस्थाको नाफा :**

१. टोल विकास सहकार्य संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाकों नाफा मानिनेछ ।
२. नाफा संस्थाको निर्णय अनुसार टोलको विकासका लागि खर्च गरिनेछ ।

**घ) टोल विकास संस्थाको लेखा :**

अ) कोषाध्यक्षले सबै प्रकारकों नगदी, जिन्सी आम्दानी, सम्पुर्ण विकास खर्चकों विवरण, संस्थाकों सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरको स्पष्ट लेखा राख्नुपर्दछ ।
आ) कोषाध्यक्षले राखेको आम्दानी खर्चकों हिसाव टोल विकास सहकार्य संस्थकों वैठकमा पेश गर्नुपर्दछ ।

**ङ) टोल विकास संस्थाको खाता खोलने र सञ्चालन** : संस्थाको खाता गाउँपालिकाकों सिफारिसमा लिम्चुङबुङ गाउँपालिकाकों बाराहामा रहेको नेपाल एस वि. आई वैंक शाखा कार्यालय लिम्चुङबुङमा खोल्नु पर्नेछ र सो खाताको सञ्चालक संस्थाकों अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट गरिनेछ ।

**च) टोल विकास संस्थाको लेखापरिक्षण :**

१. संस्थाले नियुक्त गरेको लेखापरिक्षकबाट लेखापरिक्षण गराउनु पर्ने ।
२. आवश्यकता अनुसार गाउँपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरिक्षण गर्न सक्नेछ ।
३. संस्थाले आफ्नो वार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित वडा कार्यालयमा समेत पेश गर्ने पर्नेछ ।

**१३. टोल विकास संस्थाको अनुगमन तथा मूल्याइकनः** टोल विकास सहकार्य सस्थाका अनुमगन तथा मूल्याङ्कन गाउँपालिकाले गर्नेछ ।

**१४. बाधा अड्काउ फुकाउ** : यस कार्यविधि लागु हुनु भन्दा अगाडी गठन भएका संस्थाहरु यसै कार्यविधि अनुसार गठन भएको मानिनेछ ।

**१५. विविध :**

क) यो कार्यविधि प्रचलित नेपालकों ऐन कानुनहरुसँग बाझिएमा बाझिएका बँदाहरु स्वतः खारेज हुनेछन् ।
ख) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अड्चन आएमा सोको गाउँ कार्यपालिकाको निर्णयानुसार वाधा अडकाउ फुकाउ हुनेछ ।

**अनुसुची-१**

(कार्यविधिको बँदा नं ८ (१) बमोजिम)

संस्था सूचीकृत हुन निवेदनकों नमुना

मिति

श्री लिम्चुडबुड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर ।

विषय : टोल विकास संस्थादर्ता/सूचीकृत गर्ने सम्बन्धमा

प्रस्तुत सम्बन्धमा यस लिम्चुडबुड गाउँपालिका बडा नं. .............मा देहाय बमोजिमको चारकिल्ला भित्रको क्षेत्रमा बसोबास गर्ने हामी टोलबासीहरु ........................... को भेलाले गठन गरेको.................टोल विकास संस्थालाई यस गाउँपालिकाकों कार्यालयमा दर्ता/सूचीकुत गरिदिन हनको निमित्त यस टोल विकास संस्थामा आवद्ध टोल सदस्यहरु र कार्यसमितिका पदाधिकारीको नामावलीसहित भेलाको निर्णयको प्रतिलिपी यसैसाथ संलग्न राखी यों निवेदन पेश गरिएकोछ ।

टोल विकासको चारकिल्ला (सिमाना)

पुर्व सिमाना :.................... पश्चिम सिमाना :.......................
उत्तर सिमाना : ................................. दक्षिण सिमाना : ....................

| | |
|---|---|
| सिफारिस गर्नेः<br>दस्तखतः........................<br>कार्यालयको छापः .......................<br>वडा अध्यक्ष/सिफारिस गर्नेको नामः....................<br>कार्यालयको ठेगाना | निवेदकः<br>दस्तखतः .......................<br>अध्यक्षको नामः ..................<br>टोल विकास सहकार्य संस्थाको नामः .................<br>टोल विकास सहकार्य संस्थाको ठेगानाः .......... |

अनुसूची-२

(कार्यविधिको बुँदा नं ५(२) बमोजिम)

निति .............

श्री ............................ टोल विकास सहकार्य संस्था
.................... उदयपुर ।

विषय : टोल विकास संस्थादर्ता/सूचीकृत गरिएको सम्बन्धमा ।

प्रस्त विषयमा लिम्चुडबुड गाउँपालिका गाउँ कार्यपालिकाको मिति .............को निर्णयानुसार............... टोल विकास संस्थालाई लिम्चुडबुड गाउँपालिकामा दर्ता/सूचीकृत गरिएको व्यहोरा जानकारी गराईनछ । लिम्चुडबुड गाउँपालिका टोल विकास समितिसञ्चालन कार्यविधि २०७७ को अधिनमा रही टोलको सञ्चालन र व्यवस्थापन गर्न समेत अनुरोध छ।

बोधार्थ :
श्री............वडा कार्यालय.............उदयपुर ।

कार्यालयबाट पास मितिः २०७७/५/१२

आज्ञाले
टार्जन कुमार लिम्बु
(प्रमुख प्रशासकीय अधिकृत)

प्रकाशित मिति : २०७७/५/२१